


UW–Madison मा यौन उत्पीडन र यौन हिंसा रोक्ने




UW–Madison कर्मचारीहरूको लागि *UW–Madison* को यौन उत्पीडन र यौन हिंसा रोकथाम कार्यक्रममा स्वागत छ । हाम्रो *UW–Madison* समुदायका सबै सदस्यहरू उत्पीडन, हिंसा र दुर्व्यवहारबाट मुक्त हुन योग्य छन् । हामी सबैले सुरक्षित र निष्पक्ष क्याम्पस समुदाय र कार्यस्थल बनाउन योगदान गर्न सक्छौं ।



यस कार्यक्रमले तपाईंलाई यौन उत्पीडन र यौन हिंसाको बारेमा सामान्य जानकारी दिनेछ । हामी क्याम्पस नीति र यी व्यवहारहरू रोक्नका लागि तपाईंले चाल्न सक्नुहुने कदमहरूको बारेमा कुरा गर्नेछौं । तपाईंले रिपोर्ट गर्न सक्नुहुने र समर्थन पाउन सक्नुहुने तरिकाहरू पनि हामी साझा गर्नेछौं ।



यदि यो कार्यक्रम पूरा गर्न भावनात्मक रूपमा धेरै गाह्रो भयो भने, कृपया कर्मचारी सहायता कार्यालय *(EAO),* एक गोपनीय स्रोतलाई, यो आवश्यक तालिम पूरा गर्ने अन्य तरिकाहरूको जानकारीका लागि सम्पर्क गर्नुहोला ।



यस तालिममा, हामी शब्द वा वाक्यांशहरू प्रयोग गर्दछौं जुन तपाईंको लागि नयाँ हुन सक्दछन् ।

यौन उत्पीडन र यौन हिंसा:


हामी यौन उत्पीडनको बारेमा कुरा गर्नेछौं । यौन उत्पीडनमा अनिच्छित वा अनुचित यौन टिप्पणी वा यौनजन्य शारीरिक आशयहरू पर्दछन् । संघीय कानुन, राज्य कानुन, र *UW–Madison* नीतिले यौन उत्पीडनलाई निषेध गर्दछ ।

हामी यौन हिंसाको बारेमा पनि कुरा गर्नेछौं । जब हामी यौन हिंसा भन्छौं, हामी यौनजन्य आक्रमण, डेटिङ हिंसा, घरेलु हिंसा, पछ्याउने र यौन शोषण समावेश गर्ने आचरणको बारेमा


कुरा गर्दछौं । *UW–Madison* ले यौन हिंसा निषेध गर्दछ ।

"पीडित," "बाँचेको व्यक्ति," वा "उजुरीकर्ता":
हामीले यौन उत्पीडन वा हिंसाको अनुभव गर्ने व्यक्तिलाई वर्णन गर्न विभिन्न शब्दहरू प्रयोग गर्दछौं, जस्तै "पीडित," "बाँचेको व्यक्ति," र "उजुरीकर्ता ।"

"अभियुक्त," "आरोपित," वा "प्रतिवादी":
हामीले यौन उत्पीडन वा यौन हिंसाको आरोप लागेको व्यक्तिलाई वर्णन गर्न विभिन्न शब्दहरू प्रयोग गर्दछौं, जस्तै "अभियुक्त," "आरोपित," वा "प्रतिवादी ।"




हामी केही सामान्य प्रश्नहरूको जवाफ दिनेछौं, जस्तै "यौन उत्पीडन र यौन हिंसा के हुन्?" र "यौन उत्पीडन र यौन हिंसाका बारेमा के कस्ता क्याम्पस नीतिहरू छन्?"



यौन उत्पीडन, यौनजन्य आक्रमण, डेटिङ र घरेलु हिंसा, पछ्याउने, यौन शोषण र बदलाका परिभाषाहरूबाट शुरू गरौं । कार्यस्थलमा सहमतिको प्रेम सम्बन्धहरूमा विश्वविद्यालयको नीतिको बारेमा पनि हामी कुरा गर्नेछौं ।

प्रत्येक परिभाषा परिदृश्य वा उदाहरणहरूका साथ आउँदछ । परिदृश्यहरूले तपाईंलाई हामीले प्रयोग गर्ने शब्दावलीहरूको अर्थ बुझ्न र तपाईंलाई यी व्यवहारहरू पहिचान गर्न सहयोग गर्नेछन्, चाहे ती व्यवहारहरू क्याम्पस वा अन्य ठाउँहरूमा देखिन्छन् । त्यहीपनि, याद गर्नुहोला कि विश्वविद्यालयले विश्वविद्यालयको कार्यस्थल, शैक्षिक कार्यक्रमहरू र गतिविधिहरू वा विश्वविद्यालयद्वारा प्रायोजित अन्य कार्यक्रमहरूसँग जोडिएको व्यवहारलाई मात्र सम्बोधन गर्न सक्छ ।




यौन उत्पीडनमा अनिच्छित यौनजन्य आशय, यौनजन्य क्रियाकलापको प्रस्ताव, यौन टिप्पणी वा अन्य यौनिक शारीरिक व्यवहार समावेश छन् ।

Quid pro quo (वा "यो बापत त्यो") यौन उत्पीडन भनेको कुनै व्यक्तिले यौनजन्य क्रियाकलापको प्रस्ताव स्वीकार वा अस्वीकार गरेमा सो व्यक्तिको रोजगारी वा शैक्षिक पेशालाई असर गर्ने व्यवहार हो ।
झगडालु वातावरण यौन उत्पीडन भनेको यस्तो व्यवहार हो जसले कसैलाई आफ्नो स्कूल वा कार्य वातावरणमा समान पहुँच पाउनबाट रोक्दछ वा सो व्यवहारले व्यक्तिको काम वा शैक्षिक पेशामा हस्तक्षेप गर्दछ ।


यी व्यवहारहरू गैर कानुनी र अस्वीकार्य छन् ।

शक्ति वा हैसियतमा भिन्नता (जस्तै सुपरभाईजर/कर्मचारी, संकाय/विद्यार्थी वा चिकित्सक/ग्राहक) यौन उत्पीडनको महत्त्वपूर्ण कारक हुन सकदछन् ।




(परिदृश्य १)

Ahn ले भोजन हलमा एक नयाँ काम शुरू गरेकी छिन् । उनका सहकर्मीहरूले उनलाई कार्यस्थल धेरै मिलनसार छ भनेर बताउँछन् र Ahn सबैलाई चिन्न उत्सुक छिन् । एक सहकर्मी शुरूमा मिलनसार थिए तर पछि आफूले डेटिङ *app* मा भेटेका व्यक्तिहरूको व्यक्तिगत जानकारी साझा गर्न थाले । यो व्यक्तिले *app* मा रहेका मान्छेहरूका फोटोहरू Ahn लाई पठाउँछन् र फोटोहरूमा मान्छेहरू सामान्यतया अलिअलि नाङ्गा हुन्छन् । ती सहकर्मीले Ahn लाई डेटिङ *app* मा अरूहरूसँग गरेको विस्तृत यौन कुराकानीहरूको बारेमा पनि बताउँछन् । Ahn आफ्नो सहकर्मीसँग मिलनसार हुन चाहन्छिन् तर उनी फोटो वा अश्लील कुराकानीहरूसँग सजिलो मान्दिनन् र तिनीहरूलाई बेवास्ता गर्ने प्रयास गर्छिन् । अब Ahn काममा अरू कसैसँग मिलनसार रूपमा कुरा गर्न डराउँछिन् । यसले गर्दा उनलाई राम्रोसँग काम गर्न गाह्रो हुन्छ ।




Ahn का सहकर्मीले कार्यस्थलमा अनुचित रूपमा Ahn सँग अश्लील जानकारी र फोटोहरू साझा गर्दछन् । यसले Ahn लाई धेरै असजिलो बनाउँछ । त्यसले गर्दा, Ahn अरू सहकर्मीहरूसँग मिल्न चाहँदिनन् । साथै, उनले आफ्नो काम राम्रोसँग गरिरहेकी छैनन् । यो यौन उत्पीडन हो ।




यौनजन्य आक्रमण भनेको सहमति बिना शरीरको यौन अङ्गहरूलाई छुनु हो । सहमति भनेको शब्दहरू वा स्पष्ट कार्यहरू हो जसले खुला रूपमा कुनै व्यक्ति (जो सूचित सहमति दिन सक्षम छ) यौन सम्पर्कमा स्वतन्त्र रूपमा सहमत भएको देखाउँदछ ।

यौनजन्य आक्रमणले संघीय कानुन, विस्कन्सिन राज्यको कानुन र कर्मचारी र विद्यार्थी व्यवहारलाई नियन्त्रण गर्ने *UW–Madison* नीतिहरूको उल्लङ्घन गर्दछ ।




(परिदृश्य २)

Maria र Tim क्याम्पसमा एउटै विभागमा काम गर्छन् । हालसालै, Maria ले पदोन्नति पाएकी छिन् । उनको पदोन्नति पछि, Maria एक्लै हलवेमा उभिँदा Tim उनको नजिक आए । Maria ले उनलाई रोक्नु अघि, Tim ले उनलाई टाँस्सिएर अँगालो मारे र "बधाई" दिए । Maria हतार हतार अँगालोबाट हटिन् । उनले "धन्यवाद" भनिन् र हिँड्न थालिन् । जब उनी फर्किन्, Tim ले उनको चाकमा थप्पड हाने र भने, "तिमी महान हुनेछौ!" जब Maria ले उनलाई हेरिन्, Tim ले उनलाई केवल आँखा झिम्क्याए ।




सहमति बिनाको कुनै पनि यौनिक छुवाइ यौनजन्य आक्रमण हो । यसमा कपडामाथिको यौनिक छुवाइ समावेश छ । Tim ले Maria को यौन अङ्ग छुनु अघि उनको सहमति पाएनन् । यो यौनजन्य आक्रमण हो ।




डेटिङ वा घरेलु हिंसालाई आत्मीय साथी हिंसा पनि भनिन्छ । "आत्मीय साथी" भनेको हालको वा विगतको प्रेमी वा यौन साथी वा श्रीमान/श्रीमती हो । डेटिङ वा घरेलु हिंसामा सामान्यतया एक आत्मीय साथीको अर्कोमाथिको शक्ति र नियन्त्रणको ढाँचा समावेश हुन्छ । दुर्व्यवहारको

सम्बन्धमा धम्कीहरू, त्रास, अलग्याइनु, र यौनजन्य आक्रमण समावेश हुन सक्छन् । जब डेटिङ र घरेलु हिंसामा हिंसाको क्रियाकलाप वा डेटिङ वा घरेलु सम्बन्धमा हिंसाको धम्की संलग्न हुन्छ, त्यो कानुन र क्याम्पस नीतिको उल्लङ्घन हुन सक्छ ।




(परिदृश्य १)


Martin र Gabrielle एक विवाहित जोडी हुन् र उनीहरूका दुई बालबच्चा छन् । उनीहरू *Eagle Heights* मा बस्छन् । उनीहरूको सम्बन्धमा, Martin ले Gabrielle लाई एकदम धेरै नियन्त्रणमा राखेका छन् । Martin ले Gabrielle लाई उनीहरूको पैसा चलाउने क्षमता सीमित गरेका छन् । उनले Gabrielle लाई कोसँग समय बिताउन सक्छिन् र सक्दिनन् बताउँछन् । बढ्दो रूपमा, Martin Gabrielle को मालिक भए जस्तो व्यवहार देखाउँदैछन् । उनी Gabrielle को कार्यस्थलमा आएका छन् र उनका पुरुष सहकर्मीहरूसँग लागेर Martin लाई धोका दिएको आरोप लगाएका छन् । हालसालैको बहसको क्रममा, Gabrielle ले कोठा छोड्ने प्रयास गरिन् र Martin ले Gabrielle को हातहरू यति साह्रो समाते कि त्यसले गर्दा Gabrielle को हातहरूमा नीलो डाम बसे ।



Martin ले Gabrielle लाई उनीहरूको पैसा चलाउने क्षमता सीमित गरेर, उनी कोसँग समय बिताउन सक्छिन् र के गर्न सक्छिन् भन्ने तय गरेर र उनलाई काममा बाधा पुऱ्याएर नियन्त्रणमा राखेका छन् । Martin ले Gabrielle लाई नियन्त्रणमा राख्न धम्की र शारीरिक हिंसा पनि प्रयोग गर्छन् । यो घरेलु हिंसा हो ।



पछ्याउने भनेको एक व्यवहारको ढाँचा हो जसले कुनै व्यवहारिक व्यक्तिको लागि आफ्नो सुरक्षा वा अरूको सुरक्षामा डर हुने वा पर्याप्त भावनात्मक तनाव भोग्नु पर्ने कारण बन्दछ । पछ्याउने क्रममा कुनै एक व्यक्तिले अर्को व्यक्तिको पछि पर्ने, ट्र्याक गर्ने वा सो व्यक्तिलाई फोन सम्पर्कहरू, टेक्स्ट म्यासेजहरू, सामाजिक सञ्जाल, ईमेल वा व्यक्तिगत रूपमा वा तेस्रो पक्ष मार्फत सम्पर्क गर्न खोज्ने अवस्थाहरू समावेश हुन सक्दछन् ।




(परिदृश्य २)

Ana *Union South* को एउटा रेस्टुराँमा काम गर्छिन् । Jeff नामका ग्राहक हरेक दिन रेस्टुराँ आउन थाले । Ana काम गर्दा Jeff उनीसँग कुरा गर्ने प्रयास गर्छन् । Jeff ले Ana लाई फेसबुकमा पनि भेट्टाएर सम्पर्क गरे र उनीलाई फुर्सदको बेलामा के गर्छिन् सोधे । Ana ले फेसबुकको म्यासेजलाई वास्ता गरिनन् । उनले काममा पनि Jeff सँगको कुराकानी सीमित राख्ने प्रयास गरिन् । त्यसपछि, Jeff ले Ana को सहकर्मीहरूलाई उनीलाई नोट दिन आग्रह गरे । Jeff ले Ana लाई एउटा उपहार पनि छोडे । एक दिन, Ana को कामको शिफ्ट नसकिने बेलासम्म Jeff रेस्टुराँको बाहिर कुरे । उनले Ana को गाडिसम्म पुऱ्याइदिने जोड गरे । Ana लाई काममा फर्कन डर लागेको छ ।



Ana ले प्रतिक्रिया नदिई उनलाई बेवास्ता गर्ने प्रयास गरेतापनि, Jeff ले Ana का साथ व्यक्तिगत सम्बन्ध जोड्ने प्रयास जारी राख्दछन् । त्यसपछि, Jeff ले बारम्बार Ana काम गरिरहेको बेलामा सम्पर्क गर्न खोज्दछन् र Ana Jeff बाट टाढा रहन सक्दिनन् । यसले Ana लाई आफ्नो सुरक्षा प्रति चिन्तित् बनाउँदछ । यो पछ्याउने हो ।




यौन शोषण तब हुन्छ जब कसैले कुनै अर्को व्यक्तिको सहमति बिना अर्को व्यक्तिको यौन फाइदा उठाउँछ ।

केही उदाहरणहरूमा समावेश छन्:


- कसैको अनुमति बिना उनीहरूको नाङ्गो फोटो खिच्ने वा साझा गर्ने
- कसैलाई यौन क्रियाकलापमा संलग्न गराउन धम्की दिने वा ब्ल्याकमेल गर्ने
- यौन सम्पर्कको क्रममा कन्डम प्रयोग गर्ने बारे कसैलाई झुटो बोल्ने
- यौन सम्पर्कको सहमति दिन असक्षम हुने गरी कसैलाई उनीहरूले थाहा नपाउने गरी लागु पदार्थ खुवाउने

धेरै प्रकारका यौन शोषणहरू कानुन विपरीत पनि छन् ।




(परिदृश्य १)

दुई सहकर्मी, Jenn र Teresa, केही महिनाका लागि डेटिङ गरे । उनीहरू डेटिङ गर्दा कहिलेकाहीँ एकअर्कालाई नाङ्गा फोटोहरू पठाउँथे । त्यसपछि, Jenn ले Teresa सँग सम्बन्ध तोडिन् र अरू कसैसँग डेटिङ गर्न थालिन् । Teresa Jenn सँग धेरै रिसाएकी छिन् र यदि Jenn ले आफ्नो नयाँ प्रेमिकासँगको सम्बन्ध नतोडेमा Jenn को नाङ्गा फोटोहरू Jenn का सहकर्मीहरू र परिवारलाई पठाउने धम्की दिन्छिन् । यदि कसैले ती फोटोहरू देखे भने Jenn साह्रै अप्ठ्यारोमा पर्नेछिन् । उनी आफ्नो परिवारले Teresa सँग डेटिङ गरेको थाहा पाउने कुरा बारे पनि चिन्तित छिन्, किनकि Jenn को परिवारलाई थाहा छैन कि उनी समयौनिक *(lesbian)* हुन् ।




Jenn ले Teresa सँग नाङ्गा फोटोहरू साझा गर्न सहमत भईन् तर Jenn अरू कसैलाई ती फोटोहरू पठाउने कुरामा सहमत थिईनन् । Jenn को फोटोहरू प्रतिको डरको फाइदा उठाएर Teresa ले Jenn को नयाँ सम्बन्ध तोड्न चाहेकी छिन् । यो यौन शोषण हो ।



बदला भनेको एक व्यक्ति विरुद्धको प्रतिकूल, वा हानिकारक, कार्य हो जब सो व्यक्तिले यौन उत्पीडन वा यौन हिंसाको विरोध गर्दछन् ।


- विपक्षमा औपचारिक उजुरी, अनुसन्धानमा सहभागिता वा अरू कसैको उजुरीको समर्थन समावेश हुन सक्छ ।
- एक व्यवहारिक व्यक्तिलाई यो प्रतिकूल कार्य यति हानिकारक लाग्छ कि यसले उनीहरूलाई उजुरी गर्न वा अनुसन्धानमा भाग लिनबाट रोक्न सक्छ ।

उदाहरणहरूमा समावेश छन्: सम्पर्क नगर्ने आदेश *(no-contact order)* उल्लङ्घन गर्ने, कसैले राम्रो ग्रेड हासिल गरे कम ग्रेड दिने, अनुचित शैक्षिक वा कार्यस्थल अनुशासनको आदेश दिने ।




(परिदृश्य १)

Sofia उनको सहकर्मी Tyrone प्रति आकर्षित छिन् । उनी काममा Tyrone सँग जिस्किन्छिन् र सबैलाई भन्छिन् कि Tyrone सँग डेटिङ गर्न चाहन्छिन् । Sofia र उनका साथीहरूले काम गर्दा Tyrone प्रतिको Sofia को भावनाको बारेमा चर्को स्वरमा ठट्टा गर्छन् । Tyrone प्रतिको Sofia को ध्यानले उनलाई असजिलो बनाउँछ । Tyrone लाई Sofia प्रतिको आकर्षण छैन । Sofia र उनका सहकर्मीहरूका टिप्पणीहरूले Tyrone लाई काममा ध्यान दिन गाह्रो बनाएको छ । यो समस्याले आफ्नो कामको समय ओगटेकोले Tyrone दिक्क छन् । Tyrone ले आफ्नो सुपरभाईजरलाई बताउँछन् । उनको सुपरभाईजरले Sofia लाई Tyrone लाई सम्पर्क गर्न छोड भन्छन् । अर्को दिन काममा कोही पनि Tyrone सँग बोल्दैनन् । सहकर्मीहरूले उनलाई रिसाएर हेर्छन् । मान्छेहरू Tyrone सँग ठोक्किँदै हिँड्छन् र नजिक हुँदा सानो स्वरमा गाली दिन्छन् । Tyrone ले थाहा पाउँछन् कि Sofia ले सबैजनालाई Tyrone ले उनलाई कामबाट निकाल्दिन खोजे भनेर भनेकी रहिछन् । निर्दोष तरिकाले जिस्क्याउँदा Tyrone ले ठूलो कुरा बनाए भनेर अब सबैजना रिसाएका छन् ।




Tyrone ले Sofia प्रति यौन उत्पीडनको रिपोर्ट गरेको Sofia ले थाहा पाएपछि, Sofia ले आफ्ना सहकर्मीहरूलाई कुराहरू भनिन् ताकि ती सहकर्मीहरूले Tyrone लाई सामाजिक रूपमा अलग्याऊन् र काममा असजिलो बनाऊन् । यस प्रकारको प्रतिक्रियाले भविष्यमा कसैलाई उजुरी समर्थन गर्न रोक्न सक्छ । यो बदला हो ।



सहमति भनेको दुवै व्यक्तिहरू कुनै कुरामा सहमत हुनु हो । सहमतिको सम्बन्ध भनेको मान्छेहरू बीच, हालमा वा विगतमा, प्रेमको, शारीरिक आत्मीयताको वा यौन सम्बन्धको सहमति हो । यसमा विवाह पनि समावेश हुन्छ ।


- सहमतिको सम्बन्ध नीति कर्मचारी र विद्यार्थी र कर्मचारीहरू बीचको सम्बन्धको लागि हो । नीतिले शिक्षक र उनीहरूका हालका विद्यार्थीहरू वा जो भविष्यमा उनीहरूका विद्यार्थी हुन सक्छन्, बीचको सहमतिको सम्बन्धलाई अनुमति दिँदैन । "प्रशिक्षक" मा शैक्षिक प्रशिक्षक, सल्लाहकार, विद्यार्थीको कामको मूल्याङ्कनकर्ता, अनुसन्धान पार्टनर वा सहायक र खेलकुदका कोच सहित, धेरै प्रकारका कार्यपदहरू समावेश हुन्छन् ।


- यदि तपाईंले कुनै पनि तरिकामा कुनै विद्यार्थीको काम, शिक्षण वा विश्वविद्यालय क्रियाकलापहरूमा सहभागिताको सुपरभाईज गर्नुहुन्छ भने, तपाईंले सो व्यक्तिसँग कुनै पनि प्रकारको डेटिङ वा यौन सम्बन्ध शुरू नगर्नुहोला ।
- दुई कर्मचारीहरूको लागि, यदि रिपोर्ट गर्ने वा मूल्याङ्कनको सम्बन्ध रहेको दुई व्यक्तिहरू बीच सहमतिको सम्बन्ध विकास हुन्छ भने, शक्तिमा वा माथिल्लो दर्जामा रहेको व्यक्तिले तुरुन्तै सुपरभाईज गर्ने अधिकारीलाई सहमतिको सम्बन्ध रिपोर्ट गर्नुपर्ने हुन्छ ।
- विश्वविद्यालयसँग यी प्रकारका सम्बन्धहरूको बारेमा नीति छ किनभने हामी सबैलाई सम्बन्धहरूको बारेमा आफ्नै निर्णय बनाउने र यदि सम्बन्ध नराम्रो रूपमा सकियो भने आफ्नो शिक्षण वा कार्यस्थलमा नकारात्मक प्रभावबाट जोगिने स्वतन्त्रता छ भनेर सुनिश्चित गराउन चाहन्छौं ।



तपाईंले पढ्नुभएको परिभाषा र परिदृश्यहरूको बारेमा सोच्नुहोला । यी अवस्थाहरूले कर्मचारीहरूलाई कसरी असर गर्दछन्? यी अनुभवहरूले कसैको भावनात्मक सम्पन्नता र सामाजिक जीवन, शारीरिक स्वास्थ्य र आर्थिक अवस्थालाई धेरै महत्त्वपूर्ण तरिकाहरूमा बदल्न सक्दछन् । यी अवस्थाहरूले कसैको काम र जीवनको सन्तुलनलाई पनि असर गर्न सक्दछन् ।

UW–Madison ले कर्मचारीहरूको ख्याल गर्दछ र विश्वविद्यालय कार्यस्थल, शैक्षिक कार्यक्रमहरू र गतिविधिहरू वा विश्वविद्यालयद्वारा प्रायोजित अन्य कार्यक्रमहरूमा यौन उत्पीडन वा यौन हिंसा निषेध गर्दछ ।





अब, उनीहरूको अनुभवको बारेमा तपाईंलाई बताउने कुनै विद्यार्थी, सहकर्मी, वा साथीलाई समर्थन गर्ने रणनीतिहरूको बारेमा कुरा गरौं।

तपाईंले चिन्नु भएको व्यक्तिमाथि यौन उत्पीडन वा यौन हिंसा भयो भने के गर्नुहुन्छ ? तपाईंसँग समर्थन गर्न सक्ने क्षमता हुन महत्त्वपूर्ण छ। तपाईंले बाँचेका व्यक्तिहरूका लागि के स्रोतसाधनहरू छन् थाहा पाउन आवश्यक छ ताकि उनीहरूले आफूलाई सबै भन्दा बढी सहयोग हुने कदम चाल्न सकुन्।




UW–Madison ले यौन उत्पीडन र यौन हिंसा हुनु अघि रोकथामको काम गर्दछ, बाँचेका व्यक्तिहरूको सुरक्षा र भलाइको समर्थन गर्दछ र उत्पीडन वा चोट पुऱ्याउने व्यक्तिहरूलाई जिम्मेवार ठहराउँछ ।

रणनीति 1: प्राथमिक रोकथाम

"प्राथमिक रोकथाम" यौन उत्पीडन र यौन हिंसा हुनु अघि रोक्ने रणनीतिहरूमा केन्द्रित छ ।

प्राथमिक रोकथाममा तपाईं संलग्न हुन सक्नुहुने केही तरिकाहरू तल दिईएका छन्:

- लैङ्गिक स्टिरियोटाइप र लिङ्गमा आधारित हिंसाको बारेमा हानिकारक मनोवृत्तिहरूलाई चुनौती दिनुहोस्
- स्वस्थ व्यवहार र सम्बन्धलाई बढुवा दिनुहोस्
- सकारात्मक साक्षी हस्तक्षेपलाई प्रोत्साहन दिनुहोस्, र
- सुरक्षित र सम्मानजनक वातावरण बनाउनुहोस्




रणनीति 2: पीडित सुरक्षा र समर्थन

यौन उत्पीडन वा यौन हिंसा अनुभव गर्ने सबै व्यक्तिहरूले समर्थन पाएको महसुस गर्नुपर्दछ र आफ्ना लागि सबै भन्दा राम्रा निर्णयहरू बनाउन सहयोग पाउन सक्नुपर्दछ ।

UW–Madison ले यसरी पीडित सुरक्षालाई बढुवा दिन्छ:

- स्पष्ट क्याम्पस नीति र रिपोर्ट गर्ने जानकारी
- बाँचेका व्यक्तिहरूका लागि गोपनीय समर्थन र परामर्श
- बाँचेका व्यक्तिहरूलाई आफ्ना शिक्षा वा रोजगारीका लक्ष्यहरू पूरा गर्नका लागि शैक्षिक र कार्यस्थलमा व्यवस्थापन, र
- सुरक्षात्मक उपायहरू, जस्तै सम्पर्कमा नरहने निर्देशन *(No Contact Directives)*




रणनीति 3: हस्तक्षेप र उत्तरदायित्व

विश्वविद्यालयले अनुचित यौन व्यवहार (वा "यौन दुराचार") को आरोपहरू प्रति विभिन्न तरिकामा प्रतिक्रिया दिन्छ । औपचारिक रूपमा अनुसन्धान गरेर कर्मचारीहरूलाई अनुशासन दिनु एउटा तरिका हो ।

विश्वविद्यालयमा विद्यार्थीहरूलाई आधिकारिक निन्दादेखि स्कूलबाट निकालिनेसम्मको सजायको श्रेणी छ । कर्मचारीहरूका लागि चेतावनीदेखि कामबाट निकालिनेसम्म सजायहरू छन् । विश्वविद्यालयले अन्य व्यक्तिलाई उत्पीडन गर्न वा सम्पर्क गर्न रोक्नको लागि कुनै व्यक्तिलाई चेतावनी वा अपेक्षा पत्र पनि दिन सक्छ । पक्राउ वा अपराधको अनुसन्धान पनि सम्भव छ ।

तपाईंले *UW–Madison* ले कसरी यौन उत्पीडन र यौन हिंसाको रिपोर्टलाई प्रतिक्रिया दिन्छ भन्ने बारे अनुपालन कार्यालय *(Office of Compliance)* को वेबसाईटमा थप जान्न सक्नुहुन्छ ।



रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरूका अनुसार ३ मध्ये १ जना भन्दा बढी महिला र ४ मध्ये १ जना भन्दा बढी पुरुषले आफ्नो जीवनकालमा शारीरिक सम्पर्क सहितको यौन हिंसा अनुभव गरेका छन् ।

वर्ण र जातीय अल्पसङ्ख्यक समूहका व्यक्ति, अपाङ्गता भएका व्यक्ति, र *LGBTQIA+* समुदायका सदस्यहरूले यौनजन्य आक्रमण र आत्मीय साथी शोषणहरूको उच्च दर अनुभव गरे ।




अमेरिकी समान रोजगार अवसर आयोग *(EEOC)* ले पनि सन् 2014-2018 सम्म कार्यस्थलमा यौन उत्पीडनको ३५,००० भन्दा बढी आरोपहरू प्राप्त गर्यो । यी आरोप मध्ये लगभग 80% महिलाहरूले दर्ता गरेका छन् ।

यौन हिंसा र यौन उत्पीडनले कर्मचारीहरूलाई धेरै तरिकाले असर गर्न सक्छन् । कर्मचारीहरू बिरामी हुन सक्छन्, धेरै कामको समय गुमाउन सक्छन्, काममा कम संलग्न महसुस गर्न सक्छन् वा आफ्नो काम नगर्न पनि सक्छन् ।




लगभग ४ मध्ये १ जना महिला र १० मध्ये १ जना पुरुषले आफ्नो जीवनकालमा यौन हिंसा, शारीरिक हिंसा र/वा आत्मीय साथीले पछ्याउने गरेको अनुभव गरेका छन् ।



हामीलाई थाहा छ कि *UW–Madison* विद्यार्थी र कर्मचारीहरूले यौन उत्पीडन र यौन हिंसा अनुभव गर्दछन् । कहिलेकाहीँ यो थाहा नपाउने तरिकाको (वा अप्रत्यक्ष) व्यवहार हुन्छ, जस्तै असभ्य वा असंवेदनशील टिप्पणी, अति व्यक्तिगत छुवाइ वा कुराकानी, लामो समयसम्म हेरिरहने वा कसैको व्यक्तिगत ठाउँ वरिपरि बस्ने । हामीलाई प्रत्यक्ष रूपमा असर नगरेतापनि, हामीले यौन उत्पीडन र यौन हिंसा रोक्न सहयोग गर्न सक्छौं जब हामीले यस प्रकारको हानिकारक व्यवहार देख्छौं । यसलाई "साक्षी हस्तक्षेप" भनिन्छ ।

अब हामी तीनवटा साक्षी हस्तक्षेप रणनीतिहरूको बारेमा कुरा गर्नेछौं ।



अगाडि, **अलमल्याउनु** र **अरू** हामीले यो तालिममा छलफल गर्ने ३ साक्षी हस्तक्षेपका रणनीतिहरू हुन् । यिनीहरूलाई हामी ३ "अ" हरू भनेर बोलाउँछौं । अवस्था अनुसार, तपाईंले कुनै एक वा पुरै ३ वटा रणनीतिहरू चलाउन सक्नुहुन्छ ।

अगाडि - आफैँ अगाडि बढ्नुहोस् । हस्तक्षेप गर्नुभएर सक्रिय रूपमा संलग्न हुनुहोस् ।

अलमल्याउनु - अलमल्याउने काम गर्नुहोस् । हस्तक्षेप गर्नुभएर मान्छेहरूलाई अर्कै तिर लग्नुहोस् ।


अरू – अरू मान्छेहरूको सहयोग माग्नुहोस् । सामूहिक प्रतिक्रियाले सुरक्षित र प्रभावकारी रूपमा घटनामा बाधा पुऱ्याउन सक्छ। तपाईंले झन् धेरै सहयोग गर्न सक्ने कुनै व्यक्तिलाई सम्पर्क गर्न सक्नुहुन्छ, जस्तै पुलिस वा मानव संसाधनका प्रतिनिधि ।

अब, हामी एउटा कार्यस्थल परिस्थितिमा साक्षीहरूले हस्तक्षेप गर्न सक्ने तरिकाहरूको वर्णन गर्नेछौं ।



तपाईं अनुसन्धान प्रयोगशालामा काम गर्नुहुन्छ । तपाईंले विचार गर्नुहुन्छ कि तपाईंको सुपरभाईजरले तपाईंको सहकर्मी Maureen प्रति धेरै ध्यान दिन्छन् । उनले Maureen लाई काम पछि के गर्दैछिन् भनेर सोध्छन् । उनले Maureen को रूपको बारेमा कुरा गर्छन् । Maureen ले तपाईंलाई सुपरभाईजरले उनलाई धेरै पटक डेटिङमा जान बोलाएको बताउँछिन् । उनले Maureen को फोन नम्बर फेला पार्न आपतकालीन सम्पर्क सूची हेरे । त्यसपछि उनले Maureen लाई बिदाको दिन फोन गरेर यदि उनी भेट्न चाहन्छिन् कि नाइँ भनेर सोध्छन् । Maureen ले "चाहँदिन" भनिन् र आपतकालिन कामको लागि मात्र सम्पर्क गर्न भनिन् । सुपरभाईजरले Maureen लाई उनको विकेन्डको योजना र डेटिङ जीवनको बारेमा म्यासेज पठाउन थाले । Maureen ले कुनै जवाफ दिईनन् । आज, Maureen लाई सुपरभाईजरबाट उनको अफिसमा एक्लै भेट्न लेखेको ईमेल आयो। Maureen निराश देखिन्छिन् ।

तपाईं साक्षी हुनुहुन्छ । तपाईंले के गर्नुहुन्थ्यो ?




Maureen को सहकर्मीको रूपमा, तपाईंले सहयोग गर्न सक्नुहुन्छ । यी ३ सम्भव कदमहरू सुन्नुभएर तपाईंले के गर्न सक्नुहुन्छ छनौट गर्नुहोला ।


अगाडि: उनको सुपरभाईजरसँग कुरा गर्न Maureen सँग जाने प्रस्ताव राख्नुहोस् । सो अवस्थाको बारेमा कुरा गर्न Maureen ले समर्थन पाए उनलाई सजिलो हुन सक्छ ।



अलमल्याउनु: सुपरभाईजरले Maureen सँग भेट्दा ढोका ढकढक्याउनुहोस् । तपाईंको सुपरभाईजरलाई के Maureen ले तपाईंलाई एउटा परियोजनामा सहयोग गर्न सक्छिन् भनेर सोध्नुहोस् । यसो गर्दा भेटघाट क्रम रोकिन्छ र Maureen लाई त्यस क्षणमा त्यहाँबाट निस्किने बाटो बन्छ ।





अरू: तपाईंको सुपरभाईजरको व्यवहारको बारेमा मानव संसाधन वा यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रमको प्रतिनिधिसँग कुरा गर्नुहोस् । *HR* वा अन्य क्याम्पस अधिकारीलाई बताउँदा उत्पीडनको व्यवहार अन्त्य गर्न सहयोग मिलन सक्छ ।



UW–Madison समुदायको सदस्यको रूपमा, तपाईंले सुरक्षित र समावेशी क्याम्पस बनाउन यौन उत्पीडन र यौन हिंसा हुनु अगाडि रोक्न सहयोग गर्न सक्नुहुन्छ । जब सहयोग गर्न गाह्रो महसुस हुन्छ, सम्झनुहोस् कि तपाईंसँग धेरै स्रोतसाधनहरू छन् जसमा ३ "अ" हरू पनि समावेश छन्: अगाडि, अलमल्याउनु, अरू । **तपाईंले सबै काम गर्नुपर्दैन ।** तर जब तपाईंले हानिकारक व्यवहार देख्नुहुन्छ, **केही गर्नुभएर** सकारात्मक बदल ल्याउन सक्नुहुन्छ ।

हानिकारक व्यवहार देख्नुहुँदा हामी तपाईंलाई तुरुन्तै कदमहरू चाल्न प्रोत्साहन गर्दछौं, ताकि सबैजना सुरक्षित रहन्छन् । हामीले बुझेका छौं कि तपाईंले त्यसो गर्नुहुँदा सुरक्षित वा सजिलो मान्न नसक्नुहोला । कर्मचारीहरूले सीधै हस्तक्षेप गर्नुपर्ने आवश्यकता छैन । यदि तपाईंले केही चिन्ताजनक कुरा देख्नुभयो र तपाईंले तुरुन्तै कदमहरू चाल्नुभएन भने, तपाईंको सुपरभाईजर, मानव संसाधन वा कानुन कार्यान्वयकलाई बताउन अत्यन्तै महत्त्वपूर्ण छ ।






अब, उनीहरूको अनुभवको बारेमा तपाईंलाई बताउने कुनै विद्यार्थी, सहकर्मी, वा साथीलाई समर्थन गर्ने रणनीतिहरूको बारेमा कुरा गरौं।


तपाईंले चिन्नु भएको व्यक्तिमाथि यौन उत्पीडन वा यौन हिंसा भयो भने के गर्नुहुन्छ ? तपाईंसँग समर्थन गर्न सक्ने क्षमता हुन महत्त्वपूर्ण छ। तपाईंले बाँचेका व्यक्तिहरूका लागि के स्रोतसाधनहरू छन् थाहा पाउन आवश्यक छ ताकि उनीहरूले आफूलाई सबै भन्दा बढी सहयोग हुने कदम चाल्न सकुन्।




यौन उत्पीडन र यौन हिंसाले पीडित, परिवार र समुदायमा हानिकारक र दीर्घकालीन प्रभाव पार्न सक्छ । पीडितहरूले शारीरिक चोटपटक, दीर्घकालीन पीडा, माइग्रेन, निद्राका समस्याहरू, डिप्रेसन र चिन्ता अनुभव गर्न सक्छन् । पीडितहरूले परिवार र साथीहरूबाट अलग भएको महसुस गर्न सक्छन् । काममा पनि उनीहरूको उत्पादन क्षमता घट्न सक्छ ।



"मेरो सम्बन्धमा के भइरहेको थियो भनेर अरूलाई बताउन गाह्रो थियो, विशेष गरी एकजनाले मलाई 'तिमी छोडेर किन जाँदैनौ ?' भनेर सोधे पछि ।




"मलाई चिन्ता लागेको थियो कि मलाई पछ्याइएको कुरा कसैले पनि विश्वास गर्दैनन् होला भनेर । अरूहरूको नजरमा, मेरो पहिलेको प्रेमी रोमान्टिक भएर उसले मलाई फकाउन खोजेको जस्तो मात्र देखिन्थ्यो ।"




यौन उत्पीडन वा यौन हिंसा अनुभवको बारेमा तपाईंलाई बताउने सहकर्मी, साथी वा विद्यार्थीलाई समर्थन गर्न तपाईंको भूमिका महत्त्वपूर्ण छ । पीडित र बाँचेका व्यक्तिहरूलाई हाम्रो प्रतिक्रियाले निको हुन र सहयोगी वातावरण बनाउन सहयोग गर्न सक्छ ताकि उनीहरूले क्याम्पसमा काम गर्न र सिक्न कायम राख्न सकुन् ।

यदि कसैले तपाईंलाई यौन उत्पीडन वा यौन हिंसा अनुभव गरेको बताए भने तपाईंले ३ साधारण कुराहरू गर्न सक्नुहुन्छ: **सुन्ने, समर्थन गर्ने र सिफारिश गर्ने** ।



तपाईंलाई के भन्ने थाहा नभए पनि तपाईं सहयोगी हुन सक्नुहुन्छ । बस धैर्य रहनुभएर केही नसोची सुनिदिनुहोस् । *विचार गर्नुपर्ने केही उदाहरणहरू:*

- "मलाई बताउनुभएकोमा धन्यवाद, यो सुन्दा नराम्रो लाग्यो ।"
- "मैले बुझेको छु कि तपाईंलाई यो कुरा गर्न धेरै गाह्रो भयो होला ।"
- "त्यो तनावपूर्ण र डरलाग्दो अवस्था जस्तो सुनिन्छ ।"




हिंसा भनेको कसैले कसैको शक्ति र नियन्त्रण खोस्नु हो । यौन उत्पीडनले पीडितहरूलाई शक्तिहीन महसुस गराउन सक्छ ।

आक्रमण, दुर्व्यवहार वा उत्पीडन पछि पीडितले प्रतिक्रिया दिने कुनै सही तरिका हुँदैन । केही पीडितहरूले रिपोर्ट गर्न र सहायता सेवा खोज्ने छनौट गर्छन् । अरूले नजिकका साथी र परिवारलाई मात्र बताउन सजिलो महसुस गर्छन् र कुनै पनि अधिकारीहरूसँग कुरा गर्न चाहँदैनन् ।

तपाईंले सधैँ बाँचेका व्यक्तिका निर्णय बुझ्न वा निर्णयसँग सहमत नहुन सक्नुहुन्छ । विचार गर्नुहोस्, उनीहरूले सायद धेरै कुराहरू सोचिरहेका होलान्, जस्तै आफ्नो वा आफ्नो परिवारको सुरक्षा र कसरी उनीहरूको काम वा शिक्षा अवस्था बदल्न सक्छ ।

तपाईंले बाँचेका व्यक्तिहरूलाई उनीहरूका छनौटहरू बारे सिक्ने मौका दिनुभएर र उनीहरूको निर्णयको कदर गर्नुभएर उनीहरूको खोसिएको नियन्त्रण फिर्ता ल्याउन सहयोग गर्न सक्नुहुन्छ । *तपाईंले थप्न सक्नुहुने केही सुझावहरू छन्:*

- "मैले कसरी सहयोग गर्न सक्छु भन्नुहोला ।"
- "म तपाईंलाई ठीक लाग्ने काममा सहयोग गर्न चाहन्छु ।"



कहिलेकाहीँ बाँचेका व्यक्तिहरूलाई तपाईंले दिन सक्नुहुने भन्दा बढी सहयोग चाहिन्छ । तपाईंले पीडितलाई धेरै तालिम र विशेषज्ञता भएका व्यक्तिहरू तर्फ सिफारिश गर्न सक्नुहुन्छ ।

यसो भन्ने विचार गर्नुहोला:

- "तपाईंले समर्थन पाउन सक्नुहुन्छ । तपाईंलाई सहयोग गर्न सक्ने ठाउँहरूको यो सूची हेर्नुहोला ।"
- "के म तपाईंसँग गएँ भने सहयोग होला ?"
- "म विशेषज्ञ त होइन, तर यस्तो अवस्थामा, म तपाईंलाई तालिम पाएका व्यावसायिक कर्मचारीहरू भएका एजेन्सीहरूको बारेमा थाहा पाउन सहयोग गर्न सक्छु ।"



कर्मचारी सहायता कार्यालय, वा *EAO,* ले संकाय र कर्मचारीहरूलाई आफ्नो व्यक्तिगत र व्यावसायिक जीवन कायम राख्न र सुधार गर्न सहयोग गर्दछ । यस कार्यालयले भावनात्मक भलाईलाई बढुवा गर्ने सेवाहरू प्रदान गर्दछ । *EAO* सँग पारिवारिक हिंसा, यौन दुर्व्यवहार, भावनात्मक स्वास्थ्य र अन्य धेरै समस्याहरूमा सहयोग पुऱ्याउने स्रोतसाधनहरू छन् । तपाईंले *EAO* सँग भेट्नुहुँदा दोभाषे माग्न सक्नुहुन्छ । कानुनले अनुमति दिएसम्म *EAO* ले जानकारी गोपनीय राख्छ । *EAO* ले *LifeMatters*, चौबिसै घण्टा सातै दिन, नि:शुल्क परामर्शदातासँगको टेलिफोन पहुँच पनि प्रदान गर्दछ ।



UW–Madison Ombuds कार्यालयले *UW–Madison* कर्मचारीहरूलाई विवाद बुझ्न र समाधान गर्न सहयोग गर्दछ । यस कार्यालयले निष्पक्ष सहयोग प्रदान गर्दछ ताकि व्यक्तिहरूले एकअर्कासँग राम्रोसँग कुराकानी गर्न सकुन् । *Ombuds* ले चिन्ताहरू सुन्ने, प्रक्रियाहरू बुझाउने र छनौटहरूको बारेमा कुराकानी गर्ने गर्दछन् । तपाईंले उनीहरूलाई मध्यस्थकर्ता बन्न आग्रह गर्न सक्नुहुन्छ । एक "मध्यस्थकर्ताले" व्यक्तिहरूको असहमतिलाई मेलमिलाप गराउन सहयोग गर्दछ । *Ombuds* ले गोपनीय सल्लाह पनि दिन सक्दछ ।



क्याम्पस बाहिरका विभिन्न सामुदायिक स्रोतसाधनहरूले पीडितहरूका लागि नि: शुल्क र गोपनीय सेवा प्रदान गर्दछन् । सेवाका पूरा सूची तपाईंले तपाईंको अधिकार र स्रोतसाधनहरूको गाइडमा भेट्न सक्नुहुन्छ ।



तपाईंका सहकर्मी वा विद्यार्थीहरूलाई गोपनीय स्रोतसाधनहरूको सिफारिश गर्नुका साथसाथै, तपाईंले उनीहरूलाई विश्वविद्यालयको यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रमको बारेमा भनिदिने विचार पनि गर्न सक्नुहुन्छ । यस कार्यक्रम अनुपालन कार्यालयको हिस्सा हो र यस कार्यक्रमलाई *TItle IX* व्यवस्थापकले सुपरभाइज गर्दछन् । *SMRRP* यौन उत्पीडन र यौन हिंसाको आरोपहरू प्रति विश्वविद्यालयको प्रतिक्रियाको लागि जिम्मेवार छ ।


SMRRP ले औपचारिक अनुसन्धान र विश्वविद्यालय प्रतिक्रिया विकल्पहरू प्रदान गर्दछ, तर कार्यक्रममा सम्पर्क गर्ने अधिकांश व्यक्तिहरूले यौन उत्पीडन वा यौन हिंसा अनुभव गरेका

विद्यार्थी र कर्मचारीहरूलाई विभिन्न प्रकारका समर्थन विकल्पहरूको बारेमा थाहा दिन सम्पर्क गर्दछन् ।




यौन उत्पीडन वा यौन हिंसा अनुभव गरेका Alex जस्ता व्यक्तिहरूलाई *UW–Madison* ले सहयोग गर्न सक्ने सबै तरिकाहरू हेरौं ।

बदलाबाट सुरक्षा
शैक्षिक र कार्यस्थल व्यवस्थापन
अधिकार र विकल्पहरूको लिखित सूचना
सुरक्षात्मक उपायहरू र सम्पर्क नगर्ने निर्देशन र
गोपनीयता




सुरक्षात्मक उपायहरू र सम्पर्क नगर्ने निर्देशन

Alex ले उत्पीडकले काम गर्ने भवनमा नै काम गर्छन् भने के हुन्छ? Alex लाई औपचारिक अनुसन्धानमा रुचि नहुन सक्छ, तर अझै पनि प्रतिवादीसँगको कुनै पनि अनावश्यक सम्पर्कबाट बच्न चाहन सक्छन् ।
यी परिस्थितिहरूमा, विश्वविद्यालयले एक निर्देशन जारी गर्न सक्छ जसले उत्पीडकलाई Alex सँग कुनै पनि सम्पर्क गर्नबाट निषेध गर्दछ । विश्वविद्यालयले सम्पर्क नगर्ने निर्देशन लागू गरेको छ र उल्लङ्घन गरेमा प्रतिवादीको अनुशासनात्मक कारबाही हुन सक्छ । सम्पर्क नगर्ने निर्देशन अनुसन्धान सहित वा बिना उपलब्ध छ । सम्पर्क नगर्ने निर्देशन कानुन कार्यान्वयक र अदालतले लागू गरेको प्रतिबन्ध आदेश वा नागरिक अदालत निषेधाज्ञा *(Restraining Order or Civil Injunction)* भन्दा फरक हुन्छ ।




गोपनीयता

Alex जस्ता बाँचेका व्यक्तिहरूले आफ्नो गोपनीयता सुरक्षित राख्न चाहनु सामान्य कुरा हो । उनीहरूलाई आफ्नो सुरक्षाको डर हुन्छ वा बदला हुने कुराको चिन्ता हुन्छ ।
कानुनले अनुमति दिएसम्म, *UW–Madison* ले उजुरीकर्ताको जानकारी गोप्य राख्न काम गर्नेछ । यौन उत्पीडन र यौन हिंसा सम्बन्धी सबै रेकर्डहरू सुरक्षित रूपमा साँचिएको हुन्छ ।
यौन उत्पीडन र यौन हिंसा पीडितहरूसँग *UW–Madison* ले आफ्नो नाम अभियुक्तलाई नदिन र अनुसन्धान नगर्न अनुरोध गर्ने अधिकार छ । प्रायजसो, विश्वविद्यालयले अनुरोधको सम्मान गर्न सक्दछ, तर यस क्रममा क्याम्पस वातावरणमा हुने कुनै पनि सुरक्षा जोखिमहरूलाई पनि विचार गर्नुपर्दछ । विश्वविद्यालय भित्र, उजुरीकर्ताको जानकारी, आवश्यक व्यक्तिहरूसँग वा यदि कानुनले आवश्यक गरेमा मात्र साझा गरिन्छ ।
कानुनी ऐन, *Clery Act* रिपोर्ट र खुलासा जस्ता सार्वजनिक रेकर्डहरूमा उजुरीकर्ताहरूलाई पहिचान गर्ने जानकारी समावेश हुँदैनन् ।



लिखित अधिकार र विकल्पहरू


Alex ले रिपोर्ट गर्दा, उनीसँग केही जानकारी लिखित रूपमा पाउने अधिकार छ ।
जब कुनै कर्मचारीले *UW–Madison* यौन उत्पीडन र यौन हिंसा नीतिले निषेध गरेको आचरण रिपोर्ट गर्छन्, उनीहरूलाई उनीहरूको अधिकार, व्यवस्थापनको विकल्पहरू र सुरक्षात्मक उपायहरूको लिखित स्पष्टीकरण प्रदान गरिनेछ । यसमा परामर्श, स्वास्थ्य, मानसिक स्वास्थ्य, पीडित वकालत, कानुनी सहायता, भिसा र अध्यागमन सहायता र आर्थिक विद्यार्थी सहायता बारे जानकारी र स्रोतसाधनहरू समावेश छन् ।
कर्मचारीहरूको लागि समर्थन जानकारीको सारांश पनि यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रमको वेबसाईटमा फेला पार्न सकिन्छ ।



बदलाबाट सुरक्षा


Alex लाई बदलाको चिन्ता हुन सक्छ । यदि Alex लाई हानि पुऱ्याउने व्यक्ति उनको सुपरभाईजर रहेछन् भने के हुन्छ ? वा यदि Alex चिन्तित छन् कि रिपोर्ट गरेमा पेशागत उन्नतिको अवसरहरू सीमित हुन सक्छन् ?

बदलामा धम्की, जबरजस्तीकरण, त्रास वा भेदभाव समावेश हुन सक्छन् ।
UW–Madison नीतिहरूले यी मध्ये कुनै व्यक्तिहरू विरुद्धको बदला निषेध गर्दछ:
यौन उत्पीडन वा यौन हिंसाको बारेमा रिपोर्ट वा उजुरी गर्ने, वा
यौन उत्पीडन वा यौन हिंसा समावेश भएको रिपोर्ट, अनुसन्धान वा सुनुवाइमा समर्थन गर्ने वा भाग लिने
बदला सम्बन्धी अधिकार र सुरक्षाहरू बारे थप जानकारीको लागि, कृपया *UW–Madison* को यौन उत्पीडन र यौन हिंसा सम्बन्धी नीति पढ्नुहोला ।



शैक्षिक र कार्यस्थल व्यवस्थापन

Alex को अवस्थाको कारण Alex लाई हिंसाको सम्बन्धमा अदालतको सुनुवाइमा उपस्थित हुन आवश्यक हुन सक्छ, जसले गर्दा Alex को काम गर्ने समय बदल्नु पर्ने हुन सक्छ । Alex फ्रन्ट डेस्क कर्मचारी हुन सक्छन् र यदि उत्पीडक आइपुगेमा Alex ले झट्टै आफ्नो डेस्क छोड्ने अनुमति पाउनु पर्ने हुन सक्छ । तनावले गर्दा Alex लाई काममा ध्यान दिन गाह्रो भइरहेको हुन सक्छ र ध्यान दिनको लागि अझै गोप्य काम गर्ने ठाउँ चाहिएको हुन सक्छ ।
UW–Madison ले विभिन्न क्षेत्रहरूमा बदल वा व्यवस्थापनहरू प्रदान गर्न सक्छ ताकि पीडितहरूलाई सफल हुन बाधा बिनाका मौका मिलुन् ।
UW–Madison ले मान्छेहरूलाई आफ्नो काम, शिक्षा, विश्वविद्यालयको बसाई र यातायात अवस्थाहरू बदल्ने विकल्पहरूको बारेमा लिखित रूपमा जानकारी दिन्छ र अनुरोध गरिएमा र उचित रूपमा उपलब्ध भएमा प्रदान गर्नेछ । पीडितहरूले औपचारिक अनुसन्धान गर्ने छनौट गरेपनि वा नगरेपनि यी समर्थन उपायहरू उपलब्ध छन् र प्रदान गरिएका कुनै पनि व्यवस्थापनहरू सकेसम्म गोपनीय राखिनेछ ।




यी रिपोर्ट गर्ने दायित्व भएका कर्मचारीहरूलाई "जिम्मेवार कर्मचारी" भनिन्छ र *Title IX* व्यवस्थापकले उनीहरूका जिम्मेवारीहरू सूचना मार्फत प्रदान गर्दछन्। उनीहरूलाई यस भूमिकामा राखिएको छ किनभने उनीहरू नेतृत्वको कार्यपद, सुरक्षाको कार्यपद, विद्यार्थी वा नाबालकहरूसँग नजिकको अवस्थामा काम गर्छन् वा विश्वविद्यालय प्रतिक्रिया प्रक्रियाहरूमा संलग्न छन्। सबै जिम्मेवार कर्मचारीहरूले वार्षिक तालिम पूरा गर्ने आवश्यकता छ।



जब जिम्मेवार कर्मचारीहरूले *Title IX* व्यवस्थापकलाई यौन उत्पीडन वा यौन हिंसा आरोपको बारेमा सूचना दिन्छन्, यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रमको एक कर्मचारीले पीडितलाई सम्पर्क गर्नेछन् र उनीहरूलाई विश्वविद्यालयमा उपलब्ध सबै समर्थन स्रोतसाधनहरू र प्रतिक्रिया विकल्पहरू बारे लिखित रूपमा जानकारी प्रदान गर्नेछन्। रिपोर्टले स्वत औपचारिक अनुसन्धानलाई चालु गर्दैन, तर सम्पर्क गर्ने कर्मचारीले त्यो विकल्पको व्याख्या गर्दछन्।

तपाईं तोकिएको जिम्मेवार कर्मचारी नहुनु भएतापनि, *SMRRP* लाई सम्भावित नीति उल्लङ्घन रिपोर्ट गर्न तपाईंलाई प्रोत्साहित गरिन्छ। यदि तपाईंसँग रिपोर्ट गर्ने प्रक्रिया बारे प्रश्नहरू छन्

भने, तपाईंले *SMRRP* कर्मचारीसँग कुरा गर्न सक्नुहुन्छ वा उनीहरूको वेबसाईट हेर्न सक्नुहुन्छ ।





विस्कन्सिन राज्यको कानुन अन्तर्गत, सबै *UW–Madison* कर्मचारीहरूको तल दिईएका दुराचार रिपोर्ट गर्ने दायित्वहरू छन् ।

सबै कर्मचारीहरूले रिपोर्ट गर्नुपर्छ:

- यदि उनीहरूले क्याम्पसमा यौनजन्य आक्रमण देखे वा विद्यार्थीले उनीहरूलाई आफूले यौनजन्य आक्रमण अनुभव गरेको रिपोर्ट दिए भने । यस रिपोर्टको लागि सङ्कलन गरिएको जानकारी केवल सांख्यिकीय हो र विद्यार्थीको बारेमा पहिचान गर्ने जानकारी आवश्यक गराउँदैन ।
- कुनै पनि बाल दुर्व्यवहार वा हेलाको घटना वा जोखिम अथवा दुर्व्यवहार वा बेवास्ता भएको वा हुने विश्वास गर्ने उचित कारण छ भने ।

तपाईंको *UW–Madison* रिपोर्ट गर्ने दायित्वहरू र कसरी रिपोर्ट बुझाउने बारे थप जानकारीको लागि, कृपया अनुपालन कार्यालयको वेबसाईटमा रिपोर्ट गर्ने आवश्यकताहरू हेर्नुहोला ।





अब, उजुरीको औपचारिक अनुसन्धान अनुरोध गर्नको लागि क्याम्पस र म्याडिसन वरपरका विकल्पहरू हेरौं।



UW–Madison ले कर्मचारीहरूलाई उनीहरूले क्याम्पस वा कानुन कार्यान्वयन एजेन्सीहरूलाई रिपोर्ट गर्दा आफ्नो लागि सबैभन्दा राम्रो निर्णयहरू बनाउने शक्ति दिन्छ । केही कर्मचारीहरूले विश्वविद्यालयलाई मात्र रिपोर्ट गर्ने छनौट गर्छन् । कतिपयले कानुन कार्यान्वयकलाई मात्र रिपोर्ट गर्न रोज्छन् । र केहीले कुनैमा पनि नगर्ने वा **दुवैमा गर्ने** छनौट गर्छन् । रिपोर्ट गर्ने बाँचेका व्यक्तिहरूले प्रक्रियामा भाग लिन र आफूले चाहेजति धेरै वा थोरै जानकारी प्रदान गर्न सक्छन् ।



संघीय कानुनले क्याम्पसलाई यौन उत्पीडन र यौन हिंसा प्रति तुरुन्त र प्रभावकारी रूपमा प्रतिक्रिया दिन आवश्यक गराउँदछ । क्याम्पस प्रतिक्रिया मुद्दाको विवरणमा भर पर्दछ । विश्वविद्यालयले पहिले उजुरीकर्ता र अन्य प्रभावित पक्षहरूलाई सहयोग गर्ने काम गर्नेछ । त्यसपछि, उजुरीकर्तासँग सल्लाह गरेर, अरू कुन प्रतिक्रिया उत्तम छ तय गर्नेछ । यसमा औपचारिक अनुसन्धान पनि समावेश हुन सक्छ ।

जब यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रमले रिपोर्ट पाउँछ, कर्मचारीहरूले शुरूमा सुरक्षा सहयोगको अनुरोध सम्बोधन गर्दछन् । कर्मचारीहरूले विश्वविद्यालयको हस्तक्षेपको लागि औपचारिक अनुसन्धान सहित विकल्पहरूको प्रस्ताव पनि राख्नेछन् । उजुरीकर्ताले त्यस्तो नहोस् भन्ने चाहेमा विश्वविद्यालयले सामान्यतया अनुसन्धान गर्नुपर्ने हुँदैन ।

विश्वविद्यालयसँग विभिन्न प्रतिक्रियाका विकल्पहरू छन् । व्यवहार जारी नहोस् भनी सुनिश्चित गर्न विश्वविद्यालयले सम्पर्क नगर्ने निर्देशन जस्ता रोकथामका उपायहरू वा अरू कुनै उपायहरू प्रयोग गर्न सक्छ । विश्वविद्यालयले अनुसन्धान गरेर प्रतिवादीले यौन उत्पीडन र यौन हिंसा सम्बन्धी विश्वविद्यालयको नीति उल्लङ्घन गरेको हो कि होइन पनि निर्धारण गर्न सक्छ । यदि हो भने, विश्वविद्यालयले प्रतिवादीलाई अनुशासनात्मक कारबाही गर्न सक्छ । यदि तपाईंले अन्य विद्यार्थी वा कर्मचारीहरूलाई हानि पुऱ्याउन सक्ने चलिरहेको व्यवहार

रिपोर्ट गर्नुभयो भने क्याम्पसले त्यही अनुसार कदम चलाउन आवश्यक हुन सक्छ । यदि तपाईं विश्वविद्यालयले कदम चाल्ने वा नचाल्ने कुरामा निश्चित हुनुहुँदैन भने, हामीले कुरा गरेका गोपनीय स्रोतसाधनहरू मध्य कुनै एकसँग कुरा गर्ने विचार गर्नुहोला । तपाईंले अनुपालन कार्यालयको वेबसाईटमा, वार्षिक सुरक्षा र आगो सुरक्षा रिपोर्ट र सुरक्षित शिक्षा र कार्य वातावरणको प्रोभोस्ट गाइडमा यौन उत्पीडन र यौन हिंसाको रिपोर्टहरू सम्बन्धी *UW–Madison* का नीतिहरू फेला पार्न सक्नुहुन्छ ।



विश्वविद्यालयमा यौन दुराचार रिपोर्ट गर्न तपाईंले यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रम, कार्यबल सम्बन्धको कार्यालय वा विद्यार्थीको डीनको कार्यालयसँग काम गर्न सक्नुहुन्छ । यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रमले यौन उत्पीडन र यौन हिंसालाई सम्बोधन गर्न कार्यबल सम्बन्ध कार्यालय र विद्यार्थीको डीनको कार्यालयसँग काम गर्दछ ।


यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रम *Title IX* व्यवस्थापकले सुपरभाईज गर्दछन् र यस कार्यक्रमले यौन उत्पीडन र यौन हिंसाको आरोपहरू प्राप्त गरेर *UW–Madison* को प्रतिक्रिया समन्वय गर्दछ । कार्यक्रमका कर्मचारीहरूले उजुरीकर्ताहरूलाई समर्थन, सुरक्षात्मक उपायहरू, काममा व्यवस्थापनहरू, गोपनीय स्रोतसाधनहरूको सिफारिश र विश्वविद्यालयको हस्तक्षेपका लागि विकल्पहरू (जस्तै अनुसन्धानहरू) प्रदान गर्दछन् ।

कार्यबल सम्बन्ध कार्यालयले क्याम्पस समुदायका सदस्यहरू बीचको सम्मान बढुवा गर्दछ, सकारात्मक कार्य वातावरणलाई प्रोत्साहित गर्दछ, कार्यस्थलका समस्याहरू समाधान गर्न सहयोग गर्दछ र समस्याहरू रोक्ने कामहरू गर्दछ ।


विद्यार्थीको डीनको कार्यालय *Division of Student Affairs* को एउटा युनिट हो । यस कार्यालयले व्यक्तिगत, शैक्षिक, वा स्वास्थ्य समस्याहरू अनुभव गर्दै गरेका विद्यार्थीहरूलाई क्याम्पस र सामुदायिक स्रोतसाधनहरूसँग चिनाउने काम गर्दछ । कार्यबल सम्बन्धको कार्यालय र विद्यार्थीको डीनको कार्यालय दुवैले रिपोर्ट भएका चिन्ताहरू समाधान गर्न यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रमसँग काम गर्दछन् ।




अबको दुईवटा स्लाइडहरूमा तपाईंले दुईवटा कानुन कार्यान्वयन एजेन्सीहरूको बारेमा सिक्नुहुनेछ: *UW–Madison* पुलिस विभाग र म्याडिसन पुलिस विभाग । यदि तपाईं म्याडिसन क्षेत्रमा बस्नुहुन्न भने, तपाईंले आफ्नो स्थानीय कानुन कार्यान्वयन एजेन्सीलाई सम्पर्क गर्न सक्नुहुन्छ । याद गर्नुहोस्, अपराध भएको ठाउँको क्षेत्राधिकार भएको निकायमा रिपोर्ट गर्दा सबै भन्दा राम्रो हुन्छ, तर *UW–Madison* वा कुनै पनि पुलिस विभागले तपाईंलाई रिपोर्ट गर्नको लागि सही ठाउँ पत्ता लगाउन सहयोग गर्न सक्छ । यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रम र अन्य रिपोर्ट गर्ने कार्यालयहरूले पनि तपाईंलाई पुलिस रिपोर्ट दर्ता गर्ने सही ठाउँ खोज्न सहयोग गर्न सक्दछन् ।



कानुन कार्यान्वयन *(law enforcement)* एजेन्सीहरूलाई के भयो बताउन बाँचेका व्यक्तिहरूसँग क्याम्पसका अधिकारीहरूसँग सहयोग माग्ने अधिकार छ । उनीहरूसँग कानुन कार्यान्वयन एजेन्सीहरूलाई नबताउने अधिकार पनि छ । विस्कन्सिन कानुनको भाग ९५० ले अपराध पीडित अधिकारहरूको वर्णन गर्दछ जसमा विस्कन्सिनमा कानुन कार्यान्वयन एजेन्सीहरूलाई रिपोर्ट गर्ने अपराध पीडितहरूलाई सुरक्षा दिने कुरा समावेश छ ।




अपराध प्रक्रिया र क्याम्पस प्रक्रिया बीच भिन्नताहरू छन् । क्याम्पस प्रक्रिया अन्तर्गत विश्वविद्यालयले विश्वविद्यालय नीति र प्रक्रियाहरू उल्लङ्घन गर्ने विद्यार्थी वा कर्मचारीलाई सजाय दिन सक्छ । *UW–Madison* अनुशासनात्मक प्रक्रियाले यौन उत्पीडन र यौन हिंसाका मामिलाहरूमा जिम्मेवारी "प्रमाणको प्रबलता *(Preponderance of the evidence)*" मापदण्डको आधारमा निर्धारण गर्दछ, जसको अर्थ "नभएको भन्दा भएको सम्भावना बढी" हो ।



कुनै कानुन कार्यान्वयन एजेन्सीले अपराध गरेका व्यक्तिहरूलाई पक्रेर आरोप लगाउन सक्दछन् । कानुन कार्यान्वयकले फौजदारी (अपराधको) कानुन उल्लङ्घन गर्ने व्यवहारमा मात्र कारबाही गर्न सक्दछन् । विश्वविद्यालय नीति उल्लङ्घन गर्ने केही व्यवहारले फौजदारी कानुन तोड्न सक्दैन । न्याय प्रणालीले अपराध सजायका लागि उच्च स्तरको "उचित शंका भन्दा बढी *(Beyond a reasonable doubt)*" मापदण्ड प्रयोग गर्दछन् ।

याद गर्नुहोला, विश्वविद्यालयसँग आधिकारिक रूपमा संलग्न नभएका व्यक्तिहरूका लागि *UW–Madison* सँग सजाय दिने वा प्रतिबन्धहरू लगाउने क्षमता सीमित हुन सक्छ । त्यहीपनि, विश्वविद्यालय क्याम्पस सदस्यहरूसँग सम्बद्ध कुनै पनि उजुरीकर्तासँग विश्वविद्यालयबाट व्यवस्थापन वा अन्य सहयोगको अधिकार कायम रहन्छ ।



अपराध वा नीति उल्लङ्घनको प्रमाण बचाउनाले अनुसन्धानलाई बलियो बनाउन सक्छ ।

प्रमाण बचाउन:


- सम्बन्धित सञ्चार वा सामाजिक सञ्जालका म्यासेजहरूलाई सुरक्षित राख्नुहोला

- व्यवहार र घटनाहरूको बारेमा नोट वा लिखित विवरण राख्नुहोला
- कुनै पनि सान्दर्भिक निगरानी भिडियोहरू साँच्न विश्वविद्यालय वा निजी व्यवसायहरूलाई सम्पर्क गर्नुहोला
- घटनाबाट लुगा वा ओछ्यान, सिरक, तन्ना, सिरानी राख्नुहोला
- अनुसन्धानसँग सम्बन्धित नर्सलाई *(Forensic Nurse)* चोटपटकको फोटोहरू खिच्न आग्रह गर्नुहोला


UnityPoint Health Meriter मा अनुसन्धानसँग सम्बन्धित नर्स परीक्षक कार्यक्रमले *(Forensic Nurse Examiners Program)* यस बारे प्रश्नहरूको जवाफ दिन सक्छ ।



UW–Madison ले यौन उत्पीडन र यौन हिंसाका सबै रिपोर्टहरूलाई गम्भीरताका साथ लिन्छ । अनुशासनात्मक प्रक्रियाहरू *UW–Madison* मा प्रतिवादीको भूमिकामा निर्भर हुन्छन्: संकाय, विश्वविद्यालय कर्मचारी, शैक्षिक कर्मचारी, वा विद्यार्थी । केही अनुसन्धान र अनुशासनात्मक प्रक्रियाहरू सबै प्रतिवादीको लागि समान छन् । यौन उत्पीडन र यौन हिंसालाई निषेध गर्ने विश्वविद्यालय नीतिहरूले स्वयंसेवक, आगन्तुक, अतिथि, र विश्वविद्यालय परियोजनाहरूमा काम गर्ने तेस्रो पक्षका विक्रेता वा ठेकेदारहरू लगायत अन्य व्यक्तिहरूलाई पनि समेट्छ ।




सबै अनुशासनात्मक प्रक्रियाहरूलाई तुरुन्त, उचित र निष्पक्ष अनुसन्धान र समाधान चाहिन्छ । अधिकारीहरूले प्रत्येक वर्ष यौन उत्पीडन र यौन हिंसाका मुद्दाहरू र यसमा संलग्न सबैको सुरक्षा गर्ने निष्पक्ष अनुसन्धान र सुनुवाइहरू कसरी सञ्चालन गर्ने भन्ने बारे तालिम पाउँछन् । उजुरीकर्ता र प्रतिवादीहरूले अनुसन्धानको क्रममा जानकारी प्रस्तुत गर्न सक्छन् र दुवै पक्षले लिखित रूपमा नतिजाहरू पाउँछन् ।



अनुशासनात्मक प्रक्रियाका सबै चरणहरूमा उजुरीकर्ता र प्रतिवादीसँग आफूसँग जाने कुनै व्यक्तिलाई छनौट गर्ने अधिकार छ । *UW–Madison* ले व्यक्तिहरूलाई कुनै पनि सम्बन्धित बैठकमा सहयोग गर्ने व्यक्ति ल्याउन प्रोत्साहित गर्दछ । सहयोगी व्यक्तिहरू पीडितको अधिवक्ता, साथी, परिवारका सदस्य, वकिल वा अरू कोही हुन सक्छन् । यदि आफ्नै सल्लाहकार नभए सीमित अवस्थाहरूमा विश्वविद्यालयले सुनुवाइको क्रममा, उजुरीकर्ता वा प्रतिवादीका लागि सल्लाहकार नियुक्त गर्न सक्दछ ।

UW–Madison ले एकै समयमा उजुरीकर्ता र प्रतिवादीलाई लिखित रूपमा अनुशासनात्मक कारबाहीको नतिजा प्रदान गर्दछ ।

UW–Madison ले नतिजा कसरी अपील गर्ने पनि बताउँछ (वा फरक निर्णयको आग्रह गर्ने) । क्याम्पस प्रक्रियाहरूले अपीलको अनुमति दिँदा उजुरीकर्ताहरू र प्रतिवादीहरूले अपील गर्ने समान अधिकार पाउँछन् ।



UW–Madison ले "प्रमाणको प्रबलता" मापदण्ड प्रयोग गर्दछ । जब अनुसन्धानले प्रतिवादीलाई जिम्मेवार फेला पार्छ, विश्वविद्यालयले प्रतिवादीको अपराध, विश्वविद्यालयसँगको सम्बन्ध र विगतको अनुशासनात्मक इतिहासको आधारमा सजाय निर्धारण गर्दछ । सजाय आधिकारिक निन्दादेखि कामबाट निकालिनेसम्म हुन सक्छ । सबै कर्मचारीहरूको अनुसन्धानको सूचना र अनुसन्धान प्रक्रिया लगभग उस्तै भएतापनि, प्रत्येक कर्मचारी वर्गका लागि अन्तिम अनुशासन र कामबाट निकालिने निर्णयहरूको फरक प्रक्रियाहरू छन् । विद्यार्थीहरूका लागि छुट्टै प्रक्रिया छ ।



यस तालिमका केही अत्यन्त महत्त्वपूर्ण जानकारीको समीक्षा गरौं ।

- हामीले तपाईंलाई विभिन्न अवस्थाहरूमा यी व्यवहारहरू झल्काउने परिदृश्यहरूका साथ यौन उत्पीडन र यौन हिंसाको परिभाषा दियौं ।
- हामीले क्याम्पसमा यी व्यवहारहरू तपाईंले देख्नुहुँदा प्रयोग गर्न सक्नुहुने साक्षी हस्तक्षेप रणनीतिहरूको बारेमा कुरा गर्यौं ।
- हामीले यौन उत्पीडन वा यौन हिंसाको अनुभव गर्ने व्यक्तिलाई सहयोग गर्न सक्ने तरिकाहरू वर्णन गर्यौं ।
- हामीले *UW–Madison* कर्मचारीहरूले प्रयोग गर्न सक्ने गोपनीय क्याम्पस र सामुदायिक स्रोतसाधनहरूको पहिचान गर्यौं ।
- हामीले यौन उत्पीडन र यौन हिंसाको रिपोर्ट गर्ने विकल्पहरू व्याख्या गर्यौं ।
- हामीले यौन उत्पीडन र यौन हिंसाका रिपोर्टहरूमा प्रतिक्रिया दिनको लागि *UW–Madison* का नीतिहरू र प्रक्रियाहरूको रूपरेखा प्रदान गर्यौं ।



यो प्रस्तुतिले यस महत्त्वपूर्ण विषयको बारेमा तपाईंका सबै प्रश्नहरूको जवाफ नदिन सक्छ । यदि तपाईं थप जानकारी चाहनुहुन्छ भने, कृपया विश्वविद्यालयको यौन दुराचार संसाधन र प्रतिक्रिया कार्यक्रम वा कार्यबल सम्बन्धको कार्यालयमा सम्पर्क गर्नुहोला ।

